


# कोभिड-१९ ले उद्योग क्षेत्रमा पारेको प्रभाव

## संक्षिप्त अध्ययन

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरवार, काठमाडौं

## १) पृष्ठभूमी

१.१ सन् २०१९ को डिसेम्वरमा महिनामा चीनको वुहान प्रान्तमा देखिएको कोभिड-१९ को फैलावट र दायरा वढेर नियन्त्रण भन्दा वाहिर गए पछि जनस्वास्थ्यका दृष्टिकोणले विश्व स्वास्थ्य संगठनले ११ मार्च २०२० मा यसलाई "विश्व महामारी" का रूपमा घोषणा गरेको थियो। विश्व समुदायले महामारी नियन्त्रणका लागि गरेको अनेक प्रयासका वावजुद यो महामारीबाट संसारका प्रायः सबै देशहरू प्रभावित भएका छन्। विश्वभर यो महामारी एउटा विकराल समस्या र मानवीय सन्त्रासका रूपमा फैलिएको छ र यसका बहुआयामिक प्रभावहरू देखा परेका छन्। हालसम्म पनि यो पूर्ण नियन्त्रणमा आउन सकेको छैन।

१.२ विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ महामारीको प्रभावले विश्व अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको छ। विश्वका ठूला अर्थतन्त्रमा ३ प्रतिशत सम्म गिरावट आउने आँकलन गरिएको छ भने उपभोगकर्ताको आम्दानिमा हुने ह्रासले उपभोगको दरमा न्यूनिकरण हुने र यसले वस्तु तथा सेवाको मागमा गिरावट ल्याउने अनुमान गरिएको छ। अन्तराष्ट्रिय मुद्रा कोषले सन् २०२० मा विश्व अर्थतन्त्र ४.९ प्रतिशतले संकुचन हुने प्रक्षेपण गरेको छ।

१.३ नेपालमा कोभिड-१९ पहिलो पटक २४ जनवरी २०२० मा देखा परेको हो। त्यसपछि नेपाल सरकारले कोभिड-१९ को नियन्त्रणका लागि अन्तराष्ट्रिय आवागमनमा कडाई गर्दै आएको थियो। कोभिड-१९ महामारीलाई थप फैलिन नदिन नेपाल सरकारले मिति २०७६ चैत्र ११ गते लकडाउन (वन्दावन्दी) को घोषणा गरेको थियो।

१.४ अन्तराष्ट्रिय आवागमनमा भएको प्रतिवन्ध र देशव्यापी वन्दावन्दीका कारण मानिसको जनजीवन थप असहज बन्न पुग्यो। अत्यावश्यक वस्तु तथा सेवा उत्पादन गर्ने वाहेकका उद्योग व्यवसायहरू बन्द भए। वस्तु तथा सेवाको आपूर्ति प्रणाली समेत प्रभावित बन्न पुग्यो। उद्योगहरूको उत्पादन र वितरण प्रणाली अवरूद्ध भएका कारण सम्पूर्ण अर्थतन्त्र नै नराम्ररी प्रभावित बनेको अवस्था छ।

१.५ नेपाल राष्ट्र बैंकले गरेको एक अध्ययनले कोभिड-१९ का कारण लगाईएको वन्दावन्दीले गर्दा ९६.७ प्रतिशत उद्योगहरूको ७३.८ प्रतिशत औद्योगिक उत्पादन/कारोवार घटेको देखाएको छ। यसका साथै उक्त अध्ययन अनुसार २२.५ प्रतिशत श्रमिकले रोजगारी गुमाएका छन् जसमा अन्य क्षेत्रको तुलनामा लघु, घरेलु तथा साना उद्योगहरूले उल्लेख्य रूपमा श्रमिकको कटौति गरेका छन्। उद्योग क्षेत्रमा संचालकहरूले संचालन खर्चको अभाव, उत्पादनको विक्रि वितरणमा कठिनाई, बजार मागको कमी जस्ता समस्या रहेको उक्त अध्ययनको निष्कर्ष छ। आन्तरिक र वाह्य आपूर्ति प्रणालीमा भएको अवरोधले

उद्योगहरू संचालनका लागि आवश्यक कच्चा पदार्थको उपलब्धता हुन नसकेको, श्रमिक आपूर्तिमा कठिनाई भएको र औद्योगिक उत्पादनको वजारीकरण समेत प्रभावित भएका कारण सम्पूर्ण उद्योग क्षेत्रको आर्थिक उत्पादकत्वमा नकारात्मक प्रभाव परेको छ।

१.६ उल्लिखित पृष्ठभुमीमा कोभिड-१९ का कारण नेपालको उद्योग क्षेत्रले भोग्नु परेका समस्याहरू उजागर गरी कोभिड-१९ बाट प्रभावित उद्योगहरूको पुनरूत्थान र प्रवर्धनका लागि नेपाल सरकारले लिनु पर्ने नीतिगत पहलकदमीको पहिचान गर्नु जरूरी छ। उद्योग क्षेत्रमा कोभिड-१९ महामारीले पारेको क्षेत्रगत प्रभाव र त्यसको दायरा यकिन गरी उद्योगको जीवन-चक्रका विभिन्न चरणमा आवश्यक पर्ने सहयोग, सहुलियत र सुविधाका विषयहरूको पहिचानले नेपाल सरकारलाई क्षेत्रगत नीत कार्यक्रम तर्जुमा गर्न समेत मद्दत पुग्ने हुनाले मन्त्रालयले यो अनुसन्धान कार्य गरेको हो। यस अनुसन्धानले कोभिड-१९ महामारीका कारण प्रभावित उद्योगलाई आवश्यक सहयोग, सहुलियत र सुविधाका क्षेत्र पहिचान गर्न समेत सहयोग गर्ने अपेक्षा गरिएको छ।

## २) अध्ययनको उद्देश्य

कोभिड-१९ को कारणले बन्दाबन्दीको समयदेखि हालसम्म उद्योग व्यवसायमा परेको प्रभाव तथा क्षेत्रगत असरको आँकलन गर्नु यस अध्ययनको उद्देश्य रहेको छ। यसका साथै उद्योग व्यवसायलाई पहिलेकै अवस्थामा सुचारु गराउन तथा उद्योग व्यवसायको प्रवर्द्धन गर्न सरकारले चाल्नु पर्ने नीति र कार्यक्रम पहिचान गर्ने उद्देश्यले यो अध्ययन कार्य गरिएको हो।

## ३) अध्ययन विधि

३.१ यस अध्ययनमा लघु उद्यम तथा घरेलु उद्योग-१७, साना उद्योग-८, मझौला उद्योग-४ र ठूला उद्योग-८ गरी कूल ३७ वटा उद्योग व्यवसायको सहभागिता रहेको छ।

३.२ अध्ययनका लागि अर्ध-संरचित प्रश्नावली तयार गरी इमेल मार्फत प्राथमिक सूचना र विवरण संकलन गरिएको छ। तथ्यांक संकलनका लागि नेपाल उद्योग परिसंघ, नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपाल चेम्बर अफ कमर्स र महिला उद्यमी महासंघमार्फत उद्योग व्यवसायीको सहयोग लिईएको थियो। यस अनुसन्धानमा प्रयोग भएको प्रश्नावली अनुसूचीमा संलग्न गरिएको छ।

३.३ मिति २०७७ कार्तिक १७ गते देखि मंसीर १६ गते सम्म तथ्यांक संकलन कार्य गरिएको थियो। यस अध्ययनमा गरगहना, रङरोगन, पेयपदार्थ, सिमेन्ट, तामा पित्तल भाँडा,

जलविद्युत उत्पादन, हस्तकला, तयारी पोषाक, परामर्श लगायतका वस्तु तथा सेवा उत्पादन गर्ने उद्योग व्यवसायहरू सहभागी भएका छन्।

३.४ अध्ययनबाट प्राप्त तथ्यांकहरू विश्लेषण र प्रस्तुतिकरणमा विवरणात्मक विधिको प्रयोग गरिएको छ।

## ४) अध्ययनबाट प्राप्त नतिजा र विश्लेषण

४.१ यस अध्ययनमा कुल ३७ वटा उद्योग व्यवसायहरुको सहभागिता रहेको थियो। जसमध्ये लघु उद्यम तथा घरेलु उद्योग १७ वटा, साना उद्योग ८ वटा, मझौला उद्योग ४ वटा र ठूला उद्योग ८ वटा रहेका छन्।

४.२ नेपाल सरकारले कोभिड-१९ महामारीको नियन्त्रणका लागि गरेको वन्दाबन्दी र त्यसपश्चातको समयमा समेत कुनै पनि उद्योग पूर्ण क्षमतामा संचालन भएको पाईएन। अध्ययनमा सहभागी उद्योग व्यवसायहरू मध्ये १०.८१ प्रतिशत पूर्ण वन्द रहेको छन् भने ८९.१९ प्रतिशत उद्योग व्यवसायहरू आंशिक रूपमा संचालनमा रहेका छन्। पूर्ण बन्द भएका उद्योगहरूमा लघु तथा घरेलु उद्योगको संख्या ७५ प्रतिशत रहेको छ।

४.३ उद्योगहरूको उत्पादन क्षमतामा उल्लेख्य रूपमा गिरावट आएको पाईएको छ। सर्वेक्षणमा सहभागी उद्योगहरुमध्ये ५४ प्रतिशत उद्योगहरूको ५० प्रतिशतले उत्पादन क्षमतामा ह्रास आएको छ। त्यसै गरी ३२.४३ प्रतिशत उद्योगहरूको ७५ प्रतिशत सम्म उत्पादन गिरावट आएको छ। अध्ययनमा सहभागीहरूमध्ये २३.५२ प्रतिशत लघु घरेलु उद्योगको उत्पादन क्षमता ७५ प्रतिशतले घटेको पाईएको छ।

४.४ अध्ययनमा सहभागी लघु तथा घरेलु उद्योग मध्य ८२.३५ प्रतिशत उद्योगहरूले कोभिड-१९ महामारीका कारण आफ्नो उत्पादनमा असर परेको वताएका छन्। त्यसै गरी ७६.४७ प्रतिशत लघु तथा घरेलु उद्योगले कच्चा पदार्थ प्राप्ति गर्न कठिनाई हुनुका साथै श्रमिक परिचालनमा समेत असर परेको वताएका छन्। त्यसै गरी ८८.२४ प्रतिशत लघु तथा घरेलु उद्योगहरूले आफ्नो उत्पादनको वजारीकरण गर्न नसकेको वताएका छन्।

४.५ साना उद्योगका हकमा सहभागी उद्योग व्यवसायीहरूमध्ये ८७.५ प्रतिशत उद्योगहरूले उत्पादनमै प्रत्यक्ष असर परेको वताएका छन् भने ७५ प्रतिशत साना उद्योगहरूले उद्योगको लागी कच्चा पदार्थ प्राप्त गर्न कठीन भएको प्रतिकृया दिएका छन्। त्यसै गरी ८७.५ प्रतिशत उद्योगहरूले श्रमीकहरूको परिचालन र उत्पादनको वजारीकरणमा असर परेको वताएका छन्।

४.६ यस अध्ययनमा सहभागी मझौला उद्योगहरूमध्ये ५० प्रतिशतले कच्चा पदार्थ प्राप्तिमा समस्या परेको, ७५ प्रतिशत उद्योगहरूले श्रमिक परिचालनमा समस्या परेको

वताएको छन्।कोभिड-१९ ले सबै मझौला उद्योगको उत्पादन र बजारीकरणमा असर परेको अध्ययनले देखाएको छ।ठूला उद्योगको हकमा भने कच्चा पदार्थको प्राप्ति, वस्तु तथा सेवाको उत्पादन, श्रमिक परिचालन र वजारीकरण सबै क्षेत्रमा असर परेको पाईएको छ।

४.७ उद्योगहरुको नाफा नोक्सानको अवस्था अध्ययन गर्दा, कोभिड -१९ को प्रभावले अधिकांश उद्योगहरु नोक्सानमा रहेको देखिन्छ।यस अध्ययनमा सहभागी उद्योगहरूमध्ये १६.२२ प्रतिशतले मात्र नाफामा रहेको वताएको छन्।नाफामा रहेका उद्योगमध्ये ६६.६७ प्रतिशत ठूला उद्योग रहेका छन्।

४.८ रोजगारी गुमाउनेको अवस्था हेर्दा सबभन्दा बढी रोजगारी गुमाउनेको संख्या लघु उद्योगमा रहेको छ । त्यसपछी क्रमशः साना, मझौला र ठूला उद्योगहरुमा रोजगारी गुमेको पाईन्छ। रोजगारी गुमेको अवस्थालाई लैगिंक दृष्टिकोणबाट हेर्दा गर्दा महिलाको तुलनामा पुरुषहरुले उल्लेख्य संख्यामा रोजगारी गुमाएको पाईएको छ।

४.९ यस अध्ययनमा सहभागी उद्योग व्यवसायीहरूले उद्योग व्यवसाय संचालनको अवस्थालाई पुरानै लयमा फर्काउन सरकारले ब्याजदरमा विशेष छुट दिनुपर्ने, सहुलियत दरमा ऋण उपलब्ध गराउनुपर्ने, करमा छुट दिनुपर्ने, विद्युतको डिमाण्ड शुल्क तय गर्दा उत्पादनको आधारमा गरिनुपर्ने, कर्जा तिर्ने अवधि थप गरिनु पर्ने, मूल्य अभिवृद्धि कर फिर्ता दिनुपर्ने, पूनर्कर्जा उपलब्ध गराउनुपर्ने तथा घरभाडा छुट दिनु पर्ने वताएका छन्।त्यसैगरी विद्युत महशुल कम गर्नुपर्ने, कम्तिमा २ वर्षसम्म श्रमिकको न्यूनतम् ज्यालामा वृद्धि गर्न नहुने, अन्त शुल्क र भ्याटको दरमा पुनर्मूल्यांकन गर्नुपर्ने र नेपाल सरकारले घोषणा गरेका सबै सहुलियतहरु तुरुन्त प्रदान गर्नुपर्ने सुझाव दिएका छन्।

## ५. निष्कर्ष

यस अध्ययनको मुख्य उद्देश्य कोभिड-१९ का कारणले उद्योग व्यवसायमा पारेको प्रभाव पत्ता लगाउनु रहेको थियो।यस अध्ययनले कोभिड-१९ महामारीका कारण सबै प्रकारका उद्योग व्यवसायहरू प्रभावित भएको देखाएको छ।उद्योग व्यवसायको संचालन क्षमता घटेको छ जसका कारण वस्तु तथा सेवाको उत्पादनमा समेत गिरावट आएको छ।उद्योगी तथा व्यवसायीहरूले कच्चा पदार्थको आपूर्ति, श्रमिक परिचालन र उत्पादनको बजारीकरणमा समस्या भोगीरहेको वताएका छन्।अधिकांश उद्योगी व्यवसायहरू घाटामा संचालन भएका छन् भने लघु, घरेलु, साना तथा मझौला उद्योगीहरूले संचालन पूँजीको अभाव भएको बताएका छन्।त्यसैगरी सबै प्रकारका उद्योगी व्यवसायीहरूले उल्लेख्य संख्यामा रोजगारीको कटौती गरेका छन् भने रोजगारी गुमाउनेको संख्या महिलाको तुलनामा पुरूषको बढी रहेको पाईएको छ।यस अध्ययनका सहभागीहरूले उद्योग व्यवसायको पूर्ण संचालनका लागि सरकारले


ब्याजदरमा विशेष छुट दिनुपर्ने, सहुलियत दरमा ऋण पाउनुपर्ने, करमा विशेष छुट दिनु पर्ने, उत्पादनको आधारमा विद्युतको डिमाण्ड शुल्क निर्धारण गर्नुपर्ने, मूल्य अभिवृद्धि कर फिर्ता दिनुपर्ने, पूनर्कर्जा उपलब्ध गराउनुपर्ने, घरभाडा छुट दिनुपर्ने सुझाव दिएका छन्। यसका साथै कम्तिमा २ वर्षसम्म श्रमिकको न्यूनतम् ज्यालामा वृद्धि गर्न नहुने, अन्त शुल्क र भ्याटको दरमा पुनर्मूल्यांकन गर्नुपर्ने र नेपाल सरकारले घोषणा गरेका सबै सहुलियतहरु तुरुन्त प्रदान गर्नुपर्ने समेत सुझाव दिएका छन्।

### ६) धन्यवाद ज्ञापन


यस अध्ययनमा सहभागी भई सूचना र जानकारी उपलब्ध गराउनुहुने सबै उद्योगी तथा व्यवसायीका साथै अध्ययन कार्यमा सहयोग पुऱ्याउनुहुने सबै व्यक्ति, निकाय र संस्थाप्रति मन्त्रालय हार्दिक आभार व्यक्त गर्दछ।

## अनुसूचि-१
## (तथ्यांकको प्रस्तुती)


चित्र नं. १ अध्ययनमा सहभागी उद्योगहरुको विवरण





चित्र नं. २ उद्योग संचालनको अवस्था




चित्र नं. ३ उत्पादनमा आएको गिरावट





चित्र नं. ४ उद्योगमा परेको असर



चित्र नं. ५ उद्योगहरुको नाफा नोक्सानको अवस्था




चित्र नं. ६ उद्योगहरुमा रोजगारी गुमेको अवस्था



## अनुसूचि-२

## (उद्योग व्यवसायले सरकारबाट गरेको अपेक्षा)

| क्र. सं. | उद्योगको किसिम | सरकारबाट गरेको अपेक्षा |
|---|---|---|
| १ | लघु तथा घरेलु उद्यम | ➢ कर छुट हुनुपर्ने,<br>➢ कच्चा पदार्थ सहज र सरल रुपमा उपलब्ध हुनुपर्ने,<br>➢ (बिना धितो) सहुलियत दरमा ऋण पाउने व्यवस्था हुनुपर्ने,<br>➢ कर्जा तिर्ने अवधि थप गर्नुपर्ने,<br>➢ ब्याजदरमा विशेष छुट दिनुपर्ने,<br>➢ नेपाल सरकारबाट व्यवसायलाई टेवा पुग्ने नीति बनाउनुपर्ने,<br>➢ विद्युतको डिमाण्ड शुल्क उत्पादनको आधारमा लिइनुपर्ने,<br>➢ औद्योगिक क्षेत्रलाई २ वर्ष शान्ति क्षेत्र घोषित गरिनुपर्ने,<br>➢ आयकरको दर कम गर्नुपर्ने,<br>➢ विद्युत शुल्क कम गर्नुपर्ने तथा बन्दाबन्दी समयको पूर्ण छुट हुनुपर्ने,<br>➢ विशेष कोभिड-१९ इन्सेन्टिभ लागु गर्नुपर्ने,<br>➢ श्रमिकहरुलाई मासिक रुपमा वित्तिय सहायता उपलब्ध गराउनुपर्ने । |

| | | |
|---|---|---|
| २ | साना उद्योग | ➢ घरभाडा तथा कर छुट हुनुपर्ने,<br>➢ सहुलियत दरमा ऋण पाउने व्यवस्था हुनुपर्ने<br>➢ कर्जा तिर्ने अवधि थप गर्नुपर्ने,<br>➢ पुनर्कर्जा उपलब्ध गराउनुपर्ने,<br>➢ ब्याजदरमा छुट दिनुपर्ने,<br>➢ पुनः प्रयोग गरी उत्पादन गर्ने उद्योगलाई सरकारले ग्राह्यता दिनुपर्ने,<br>➢ मु.अ.कर फिर्ता दिनुपर्ने,<br>➢ विद्युत कम गर्नुपर्ने तथा बन्दाबन्दी समयको पूर्ण छुट हुनुपर्ने,<br>➢ अनुदान उपलब्ध गराउनुपर्ने,<br>➢ भन्सार स्थीर नीति हुनुपर्ने तथा साफ्टामा हेरफेर गर्न नहुने, |
| ३ | मझौला उद्योग | ➢ पुनर्कर्जा उपलब्ध गराउनुपर्ने,<br>➢ ब्याजदरमा छुट दिनुपर्ने,<br>➢ विद्युतको डिमाण्ड शुल्क उत्पादनको आधारमा लिइनुपर्ने,<br>➢ मु.अ.कर फिर्ता दिनुपर्ने,<br>➢ औद्योगिक क्षेत्रलाई २ वर्ष शान्ति क्षेत्र घोषित गरिनुपर्ने,<br>➢ विद्युत महशुल कम गर्नुपर्ने तथा बन्दाबन्दी समयको पूर्ण छुट हुनुपर्ने,<br>➢ नेपाल सिमेन्ट उत्पादनमा आत्मनिर्भर भइसकेको हुनाले ठुला वैदेशिक लगानीका सिमेन्ट उद्योगहरु खोल्न निरुत्साहित गर्नुपर्ने। |

| | | |
|---|---|---|
| ४ | ठूला उद्योग | ➢ कर्जालाई पुनरावलोकन गर्नुपर्ने,<br>➢ ब्याजदरमा छुट दिनुपर्ने,<br>➢ लकडाउन अवधिको विद्युत डिमाण्ड शुल्क मिनाहा हुनुपर्ने,<br>➢ मु.अ.कर फिर्ता दिनुपर्ने,<br>➢ विद्युत महशुल कम गर्नुपर्ने तथा बन्दाबन्दी समयको पूर्ण छुट हुनुपर्ने,<br>➢ नेपाल सिमेन्ट उत्पादनमा आत्मनिर्भर भइसकेको हुनाले ठुला वैदेशिक लगानीका सिमेन्ट उद्योगहरु खोल्न निरुत्साहित गर्नुपर्ने,<br>➢ विज्ञापन करमा ३ वर्षसम्म सतप्रतिशत छुट दिनुपर्ने तथा प्रचलित आयकरको दरमा ३ वर्षसम्म कम्तिमा ५० प्रतिशत छुट दिनुपर्ने,<br>➢ आ.व. २०७७/७८ मा सामाजिक सुरक्षा कोषमा आवद्ध उद्योगहरुको सामाजिक सुरक्षा कोषमा जम्मा गर्नुपर्ने दायित्त्व नेपाल सरकारले नै वहन गरिदिनुपर्ने,<br>➢ Acrylic Polymer (EMULSION) को बर्गिकरण साविकको हार्मोनिक कोड ३९०६.९०.१० नै कायम गरी भन्सार महसुल दर १० प्रतिशत नै निर्धारण हुनुपर्ने,<br>➢ कम्तिमा २ वर्षसम्म श्रमिकको न्यूनतम् ज्यालामा वृद्धि गर्न नहुने,<br>➢ कोभिड-१९ का कारण प्रभावित कम्पनीहरुलाई सरकारले कर नीतिमा विशेष सुविधा दिनुपर्ने,<br>➢ अन्त शुल्क र भ्याटको दरमा पुनर्मूल्यांकन गर्नुपर्ने, |

| | | |
|---|---|---|
| | | ➢ अधिकतम कर तिर्ने, ठूलो संख्यामा रोजगारी सिर्जना गर्ने बहुराष्ट्रिय कम्पनीलाई नीतिनियम तयार गर्दा प्राथमिकता दिनुपर्ने,<br>➢ विदेशी मुद्रा भुक्तानीमा सरलता र स्पष्ट नीति हुनुपर्ने,<br>➢ दिइएका निवेदन उपर समयमै निर्णय हुनुपर्ने, (विशेषतः उद्योग विभागबाट)<br>➢ सरकारी कार्यमा म्याद थप हुनुपर्ने, टायरको आयातमा शुल्क बढाएर एकाधिकार हुनुपर्ने,<br>➢ औषधी उत्पादनका लागि अत्यावस्यक कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थमा लागेका भन्सार र भ्याट छुट हुनुपर्ने,<br>➢ विद्यमान खुला आयात नीतिले नेपाली उद्योगको विकासलाई अवरोध गरेकोले त्यसलाई तुरुन्तै सच्याउनुपर्ने,<br>➢ कम्पनीको विगतको व्यवसायिक कारोबार हेरी न्युनतम ब्याजदरमा कर्जा प्रवाह हुनुपर्ने,<br>➢ ठूला उद्योगलाई सहुलियतपूर्ण कर्जाको रकम बढाउनुपर्ने तथा न्युनतम २ वर्षका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध हुनुपर्ने,<br>➢ नेपाल सरकारले घोषणा गरेका सबै सहुलियतहरु तुरुन्त प्रदान गर्नुपर्ने, कच्चापदार्थको सुलभ आपूर्ति हुनुपर्ने,<br>➢ सस्तो ब्याजदरमा कर्जा प्रवाह हुनुपर्ने, करको वर्गिकरण हुनुपर्ने,<br>➢ Commercial operation date (as per PPA), financial closure period, survey and generation license of projects in construction and |

| | | |
|---|---|---|
| | | development has to be extended by २ year period after the pandemic is brought under control without any cost implication.<br>➢ Special compensation package should be brought in for projects affected by Covid pandemic.<br>➢ To change financing modality of hydropower projects<br>➢ single digit interest rate, revision in payment schedule, exclusive refinancing for energy projects,<br>➢ hydropower projects to be exclusively included in govern,ment allocated ५० arba subsidized loan as per the new budget.<br>➢ Refinancing period of existing one year to be revised to minimum ४-५ years.(or at least till the projects starts generating revenue)<br>➢ Change in equity debt ratio/new investment model or revision in PPA rates, increase generation license period of hydro projects. |

## अनुसूचि-३

## (सर्वेक्षणका लागि मन्त्रालयले तयार गरेको प्रश्नावलीको नमूना)

नेपाल सरकार

**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**

**औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा**

कोभिड १९ को महामारीका कारण उद्योग क्षेत्र अत्यन्त प्रभावित भएको छ।वस्तु तथा सेवाको उत्पादन, वजारीकरण र आपूर्ति प्रणालीलाई सूचारू गरी मुलुकको अर्थतन्त्रलाई पुनरूत्थान गर्न जरूरी छ। उद्योगहरूको संचालन सुनिश्चित गरेमा मात्र आर्थिक कृयाकलापहरू बढ्ने र यसबाट मुलुकको अर्थतन्त्रमा सकारात्मक योगदान पुग्ने हुनाले कोभिड-१९ महामारीका कारण प्रभावित उद्योगहरूको संरक्षण र प्रवर्धनका लागि नेपाल सरकारले लिनुपर्ने आवश्यक नीति र कार्यक्रमकाबारे पृष्ठपोषण लिन मन्त्रालयले तयार गरेको संक्षिप्त प्रश्नावली यसै साथ संलग्न छ। उक्त प्रश्नावली भरी सहयोग गरिदिनुहुन हार्दिक अनुरोध छ।

१. उद्योग व्यवसायको नामः ..........................

२ (क) तपाईको उद्योग लघु उद्यम, घरेलु उद्योग, साना र ठूला उद्योग मध्ये कुन उद्योगमा पर्दछ?

३. तपाईको उद्योगले कस्तो प्रकारको वस्तु तथा सेवा उत्पादन गर्दछ ?

४. कोभिड-१९ को कारणले बन्दाबन्दीको समयदेखि हालसम्म तपाईको उद्योग कति समय सञ्चालनमा रह्‌यो (पूर्ण रुपमा, आंशिक रुपमा (२५ देखि ७५ प्रतिशत) वा पूर्ण वन्द) ?

५. कोभिड-१९ को कारणले बन्दाबन्दीको समयदेखि हालसम्म तपाईको उद्योगहरुको उत्पादनमा के कति प्रतिशतले गिरावट आएको छ ?

६. कोभिड-१९ को कारणले तपाईको उद्योगमा के कस्ता असरहरु पर्न गयो? तलका विषयहरुमा उल्लेख गर्नुहोला ।

(क) उत्पादनमाः

(ख) कच्चा पदार्थ आपूर्तिमाः

(ग) श्रमिक परिचालनः

(घ) बजारीकरणः

७. यो अवधिमा तपाईको उद्योगको नाफा वा नोक्सानको स्थिति के छ ? (अनुमानित नाफा वा नोक्सान रु. हजारमा)

८. तपाईको उद्योगमा आएको असहज परिस्थितिका कारण के कति प्रतिशतले रोजगारी गुमाएका छन् ?

(क) महिलाः (ख) पुरुषः

९. तपाईको उद्यमलाई पहिलेकै अवस्थामा सुचारु गर्न नेपाल सरकारका तर्फबाट के कस्तो सहयोगको अपेक्षा गर्नु भएको छ ?

(क) सहुलियतः

(ख) वित्तियः

(ग) नीतिगतः

(घ) अन्य केहीः

१०. उद्योगलाई प्रवर्द्धन गर्न सरकारले थप के गर्नु पर्ला